धवलागिरी गाउँपालिका म्याग्दीद्वारा प्रकाशित

धवलागिरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मुना, म्याग्दी

# धवलागिरी गाउँपालिकाको नीति तथा कार्यक्रम, २०८२

गाउँसभामा प्रस्तुत एवं पारित २०८२/०३/९

**समसम्पुर्ण गाउँ सभासदस्य ज्यूहरु,**

१. संघीयतापछिको दोस्रो स्थानीय तह निर्वाचनमा निर्वाचित जनप्रतिनिधिले विगत ३ वर्षमा गरेका कार्यबाट धैरै केही आशा र अवसरहरू सिर्जना भएका छन् । समृद्ध पालिका निर्माणमा सबै पक्षको सहभागिता अपरिहार्य छ। दलगत स्वार्थबाट माथि उठी समुन्नतिका लागि साझा धारणा बनाई अगाडि बढ्नु आजको आवश्यकता हो ।दोश्रो कार्यकालको आगामी दुई वर्षलाई जनताकै हित र समुन्नतीमा डटेर लागि पर्नुपर्ने छ।

२. अधिकाँश ग्रामीण हिमाली क्षेत्र रहेको धवलागिरी गाउँपालिकामा भौगोलिक जटिलता र विविधता दुवै छन् । आर्थिक तथा मानवीय विकासका परिसूचकहरु समेत विषम छन् । यसर्थ आगामी दिनमा हाम्रा प्राथमिकता र नीति कार्यक्रम यिनै परिसुचकहरूको पुर्ण सम्बोधन हुने गरी स्रोत र साधनको बाँडफाँड गर्नुपर्ने देखिन्छ ।

३. नेपालको संविधान, दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजना, संघीय बजेटले तय गरेका नीति तथा कार्यक्रम, नेपालले अन्तर्राष्ट्रीय स्तरमा गरेका प्रतिवद्धता, गण्डकी प्रदेश सरकारको आगामी आ.व. को नीति तथा कार्यक्रम र बजेट, धवलागिरी गाउँपालिकाको दोश्रो पञ्चवर्षीय योजना अन्तर्गत "**शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार र रोजगारः समृद्ध धवलागिरी निर्माणको आधार**" भन्ने दीर्घकालिन सोच, मध्यमकालीन खर्च संरचना र विगत वर्षहरुमा आरम्भ गरिएका विकासका कार्यलाई निरन्तरता दिई व्यवस्थित विकास कार्य अगाडि बढाउने नीति लिइनेछ ।

४. "समृद्ध पालिका" को विकासको प्रस्थान विन्दुको रुपमा आगामी वर्षको नीति तथा कार्यक्रमका मार्गनिर्देशक सिद्धान्त देहाय बमोजिम हुनेछन् ।

१) सुलभ, गुणस्तरीय र स्वास्थ्य सेवा सुनिश्चितता,

२) स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण,

३) व्यावसायिक र आधुनिक कृषि प्रणाली अवलम्बन,

४) अत्यावश्यक एवं गुणस्तरीय भौतिक पूर्वाधार विकास,

५) लैंगिक समानता, सामाजिक न्याय,

६) तीन तहका सरकार र निजी क्षेत्रसँगको समन्वय, र सहकार्य

७) सुशासन, सदाचार र पारदर्शी सेवाप्रवाह

८) प्रविधिमैत्री, व्यवस्थापन

९) जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र

**गाउँसभा सदस्य ज्यूहरू**

**अव म क्षेत्रगत नीति तर्फ अगाडी बढ्दछु।**

## कृषि तथा सिचाईं

५. कृषिमा आधुनिक प्रविधिको प्रयोग मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषिलाई व्यावसायीकरण गर्दै लगिनेछ ।

६. गाँजा खेतीलाई प्रोत्साहन गरिनेछ।

७. लोकल रक्सी ब्राण्डिङलाइ पालिकाद्वारा प्राथमिकतामा राखी आवश्यक कार्य गरिनेछ। जसको लागि पालिकाभित्र कोदो खेति प्रवर्धन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

८. बहुमुल्य जडिवुटी, फलफूल तथा कृषि बन कार्यक्रम अन्तर्गत नमुना ब्लक निर्माण गर्नुका साथै सामुहिक खेतिलाइ समेत प्रोत्साहन गरिनेछ।

९. गाउँपालिकाकपो दोश्रो पञ्चवर्षीय योजना अवधिसम्म धवलागिरी गाउँपालिकालाई दुध, फलफूल, तरकारी र मासुमा आत्मनिर्भरता तर्फ उन्मुख बनाइनेछ ।

१०. **"एक वडा एक उत्पादन"** नीति मार्फत आत्मनिर्भर धवलागरी निर्माण गर्ने सीप, प्रविधि तथा पूँजी अनुदान तथा सहुलियत दिइनेछ। **एक घर- एक घार** कार्यक्रम अन्तर्गत मौरीपालन व्यावसाय प्रवर्धन गर्नका लागि आवश्यक तालिम र अनुदान सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

११. ५० प्रतिशत अनुदानमा टिमुर, ओखर, कागती, सुन्तला लगायत प्रजातिका विरूवा वितरण गरिनेछ।

१२. पानीका स्रोतको संरक्षण, र दिगो व्यवस्थापन गरी पालिकावासीलाई स्वच्छ खानेपानीको सुनिश्चितताका साथै सिँचाई कार्यक्रम लागु गरिनेछ ।

१३. कृषिबालीमा लाग्ने रोगकिरा नियन्त्रणका लागि निःशूल्क विषादी वितरण कार्यलाई थप व्यवस्थित बनाईदै लगिनेछ।

१४. संघीय अनुदान अन्तर्गतको आलु पकेट कार्यक्रमलाई पालिकाबाट समेत आवश्यक व्यवस्था गरी थप वृहत रूपमा सञ्चालन गरिनेछ।

१५. जलवायु परिवर्तन अनुकूल कृषि प्रणाली विकास गर्न माटो परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१६. कृषिमा यान्त्रीकरण गर्ने नीति अनुसार अनुदानमा मिनिटेलर वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ।

१७. उत्पादन बढाउने नीति मार्फत कृषकको सीप, तालिम, क्षमता विकास गरिनेछ।

१८. विद्यालयहरूमा पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत कृषि उत्पादनलाई प्राथमिकता दिईने छ।

## पशुपन्छी

१९. **"पशु उत्पादनमा वृद्धिः आर्थिक उपार्जन सहितको समृद्धि"** हासिल गर्न व्यावसायिक पशुपन्छीपालन कार्यलाई प्रवर्द्धन गर्दै पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२०. ७५ प्रतिशत गाउँपालिकाको अनुदानमा घुम्ती गोठ सुधार र निर्माण कार्यलाई निरन्तरता दिईने छ।

२१. बङ्गुर, भेडा, बाख्रा, भैंसी तथा गाई फर्मलाई साना व्यवसायी कृषि तथा पशुपंक्षी उत्पादन केन्द्रको रुपमा विकास गरिनेछ । साथै घुम्ती गोठलाई निःशूल्क लजिस्टिक सामाग्रीको समेत व्यवस्था गरिनेछ ।

२२. व्यावसायिक माछापालन कार्यलाई प्रोत्साहन गरिनेछ।

२३. उन्नत जातका थुमा, बोका, राँगा तथा बहरमा अनुदान प्रदान गरिनेछ।

२४. वडा नं. १ मा कस्तुरी पालनको सम्भाव्यता अध्ययनलाई अगाडी बढाईने छ।

२५. किसान पेन्सन योजना कार्यान्वयन गर्न कृषक सुचीकरण, कृषक वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराइनेछ ।

२६. पशुगोठ व्यवस्थापन तथा भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

२७. प्रत्येक वडामा कृषि वा पशु प्राविधिक सेवा सुनिश्चित गरी आधारभुत कृषि र पशुस्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ ।

## रोजगार प्रवर्द्धन

२८. बेरोजगार युवाहरुलाई कृषि, पशुपालन लगायतका उद्यमशीलता तर्फ प्रोत्साहन गरी "**उत्पादनमा युवा प्रोत्साहन**" कार्यको लागि आवश्यक व्यवस्था गरिनेछ ।

२९. कुनै नवीनतम उद्यम गर्न ईच्छुक बेरोजगार युवाहरूलाई सहुलियतपूर्ण ऋण व्यवस्था गर्न आवश्यक बजेट व्यवस्था गरी उद्यमशीलतालाई प्रवर्धन गरिनेछ।

३०. **"श्रमको सम्मान पालिकाको अभियान"** अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमका साथै पालिकाको विकास निर्माण कार्यलाई समेत स्थानीय रोजगारी सिर्जनासँग आवद्ध गरिनेछ।

३१. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई उत्पादनशील कार्यमा लाग्न प्रोत्साहन गरिनेछ। साथै वैदेशिक रोजगारबाट फर्केका सम्पूर्णलाई मनोपरामर्श सेवा उपलब्ध गराईने छ।

३२. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत दक्ष तथा सीपयुक्त जनशक्तिको विकास गरी बेरोजगारी न्यूनीकरण गरिनेछ।

३३. रोजगार सेवा केन्द्र स्थापना गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।

## उद्योग तथा सहकारी

३४. सहकारी संस्थाहरुलाई व्यावसायिक कृषि उत्पादन क्षेत्रमा आफ्नो पूँजी तथा लगानी परिचालन गर्न प्रोत्साहन गरिनेछ ।

३५. सहकारीहरुको व्यवस्थापन गर्न COPOMIS मा आवद्ध गर्ने र सहकारीको अनुगमन र नियमनलाई व्यवस्थित वनाइने छ।

३६. **"स्थानीय औद्योगिक उत्पादनमा बृद्धिः रोजगारी सिर्जना र समृद्धि"** नारालाई साकार पार्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई विकास एवं विस्तार गरिनेछ।

३७.	खानी उत्खनन, मुहान दर्ता,  एक मेगावाट सम्मको जलबिद्युत अनुमति प्रदान आदिको लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ।

३८.	आ.व. २०७६/७७ सम्म दर्ता भई नवीकरण हुन नसकेका व्यावसायहरूका लागि विशेष छुटको व्यवस्था गरिनेछ।

३९.	COPOMIS सम्बन्धी तालिमको सञ्चालन गरिनेछ।

४०.	उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिँदै पालिकाभित्र बजार अनुगमनलाई प्रभावकारी बनाइने छ ।

**पर्यटन विकास**

४१.	गाउँपालिका क्षेत्रभित्र पर्यटकीय सम्भावना बोकेका स्थानहरुको पहिचान एवं प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना तर्जुमा गरिनेछ ।

४२.	धवलागिरी पर्यटन वर्षलाई यसै गाउँपालिका क्षेगत्रमै आयोजना गर्न आवश्यक पहल गरिनेछ।

४३.	आगामी आ.व.मा जलजला पर्यटन तथा सांस्कृतिक महोत्सव सञ्चालन गरिनेछ,

४४.	पर्यटन प्रवर्धनका लागि जलजला क्षेत्रमा व्यावसाय सञ्चालन गर्न निजी क्षेत्रको लगाउनी भित्राउने नीति अबलम्बन गरिनेछ।

४५.	**"एक वडा एक पर्यटन परियोजना"** अन्तर्गत देहायका योजनाको सम्भाव्यता अध्ययन गरी क्रमश: कार्यान्वयन गरिनेछ ।

१.	वडा नं १, गुर्जा नमुना पर्यटकीय गाउँ निर्माण योजना

२.	वडा नं २, जलजला पर्यटनकीय क्षेत्र प्रवर्द्धन योजना,

३.	वडा नं ३, नर्जा खोला झरना र ड्याम, पार्क निर्माण

४.	वडा नं ४,  धवलागिरी हिमाल पर्यटन, बगर हट स्पिङ एवं प्राकृतिक चिकित्सा प्रवर्द्धन परियोजना

५.	वडा नं ५, छन्त्याल संस्कृति संरक्षण तथा पुरातत्व संग्राहालय निर्माण

६.	वडा नं  ६, राम्चे र थलाधुरीमा पर्यटकीय पूर्वाधार विकास परियोजना

७.	वडा नं ७, बाघराज, ताकम कोट हुँदै मालिका पदमार्ग पर्यटन परियोजना

४६.	मुदी देखि खलडाँडा हुँदै मालिका जोड्ने पदमार्ग, मल्कवाङ देखि पुतलीडाँडा रिखार हुँदै मुस्ताङ जाने पर्यटकीय पदमार्गको विकासको लागि प्रदेश सरकार सँग सहकार्य गरिनेछ ।

४७. पर्यटन पदमार्ग निर्माण, सामुदायिक होमस्टे, धार्मिक पर्यटन, लोकसंस्कृतिको संरक्षण लगायतका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

४८. मुना, मालिका, गुज्रे, जलजला, रुंघाचौर, गुर्जा, मुदी, धवलागिरी वेसक्याम्प सम्म पर्यटकीय पदमार्ग बिस्तार गर्नको लागि संघ सरकारसँग सहकार्य गरिनेछ।

**स्वास्थ्य**

४९. आधारभुत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई निःशूल्क, सर्वसुलभ र गुणस्तरीय बनाइनेछ ।

५०. गम्भीर प्रकृतिका रोग भएका, जेष्ठनागरिक, असहाय अवस्थामा रहेका अपांगहरुका लागि **पाईलटिभ केयर** कार्यक्रम नमुना अभ्यासको सञ्चालन गरिनेछ । जसअन्तर्गत आपातकालीन उद्धार, औषधी वितरण, जस्ता सेवा सञ्चालन गरिनेछ ।

५१. **"दीर्घरोगीसँग अध्यक्ष कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

५२. सबै स्वास्थ्य चौकीहरुमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायत प्रजनन अङ्गको क्यान्सरको स्क्रिनिङ जाँच (VIA) निःशूल्क गरिनेछ ।

५३. गर्भवती महिला एवं बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन **"सुनौला हजार दिनका आमासँग उपाध्यक्ष कार्यक्रम"** लाई निरन्तरता दिईने छ।

५४. औषधीजन्य जडीवुटी, वनस्पति र वनस्रोतको संरक्षण गर्न म्याग्दीका अन्य पालिकासंगको सहकार्यमा जडीवुटी सङ्कलन केन्द्र स्थापना गर्न पहल गरिनेछ।

५५. **भान्छाघर नै अस्पताल हो** भन्ने भनाईलाई मनन् गर्दै विरुद्ध भोजनका विषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५६. प्रत्येक वडामा आयुर्वेद चिकित्सा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५७. योग तथा ध्यान सिविर साथै आयुर्वेदिक चिकित्साशिक्षा कार्यक्रमलाई परिष्कृत गरि अगाडी बढाईने छ।

५८. गर्भवती महिलाका लागि सम्पुर्ण वडामा घुम्ती अल्ट्रासाउन्ड कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश सरकारसँगको सहकार्यमा उच्च जोखिममा रहेकालाई सुरक्षित प्रसुतीका लागि हेली उद्धार गरिनेछ ।

५९. वडा नं ७ ताकममा सञ्चालित ल्याब सेवालाई थव व्यवस्थित एवं सुदृढीकरण गरिनेछ ।

६०. मातृशिशु तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, न्यानो झोला वितरण, निःशुल्क र सुरक्षित गर्भपतन सेवा प्रदान गरिने छ ।

६१. पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरू**

**शिक्षातर्फ**

६२. शिक्षाको अधिकारबाट बालबालिका तथा लक्षित वर्गका गरिब महिला, दलित, अल्पसंख्यक कोही पनि बञ्चित हुन नपरोस् भन्ने हेतुले गुणस्तरीय र नि:शुल्क सार्वजनिक शिक्षाको व्यवस्थापन गरिनेछ ।

६३. विद्यालयहरूलाई आवश्यकताका आधारमा मर्ज गरिनेछ।

६४. सबैका लागि शिक्षामा पहुँच अभिवृद्धिका गर्न बालविकास केन्द्रहरुको आधुनिकीकरण गरिनेछ ।

६५. सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाई मार्फत सीपयुक्त मानव संशाधनको विकास गरिनेछ ।

६६. न्यून विद्यार्थी हुने विद्यालयका विद्यार्थीहरू,विद्यालयको पहुँच बाहिर हुने विद्यार्थीहरू एवं असहाय तथा अनाथ वालवालिकाहरूलाई गाउँपालिकाको नमुना होस्टमा व्यवस्थापन गरिनेछ।

६७. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न गाउँपालिका शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको सबलीकरण गरिनेछ ।

६८. गाउँपालिकाको प्राविधिक धार अन्तर्गतको विद्यालयमा होस्टेल निर्माणको लागि आवश्यक पहल गरिनेछ।

६९. फरक क्षमता भएका विद्यार्थीको सिकाइलाई प्रोत्साहन गरिनेछ। विद्यालय उमेर समुहका विद्यार्थीहरुलाई विद्यालयको पहुँचमा ल्याइनेछ।

७०. विद्यार्थीको क्षमताविकास र नवप्रवर्तनका लागि शैक्षिक सामाग्री प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ।

७१. विद्यालय तह पूरा गरेका विद्यार्थीलाई सिक्दै सिकाउँदै अध्ययन विधि मार्फत स्वआर्जन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७२. पढ्दै कमाउदै कार्यक्रमलाई निरन्तरता दिईने छ।

७३. दिवा खाजा कार्यक्रमलाई जंक फूड रहित बनाउने नीतिलाई थप सुदृढीकरण गरिनेछ।

७४. वालविवाह तथा लागु पदार्थको दुर्व्यसन नियन्त्रण गर्न जनचेतना,मनोपरामर्श साथै सडक नाटक कार्यक्रम सञ्चालन गरिनेछ।

७५. विद्यार्थी स्वास्थ्य सेवाको सुनिश्चितता गर्न स्वास्थ्य चौकीको समन्वयमा विद्यार्थीको नियमित स्वास्थ्य परिक्षण गरिनेछ।

**खेलकुद**

७६. पालिकास्तरीय खेलकुद विकास समिति गठन तथा सञ्चालन गरी खेलकुद कार्यक्रमलाई वडास्तरसम्म सञ्चालन गरिनेछ।

७७. पालिकास्तरीय खेल मैदानलाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ।

७८. खेलकुदलाई प्राथमिकता दिइ, पालिकाको उत्कृष्ट खेलाडीहरूलाई सम्मान गरिनेछ।

**भाषा कला र संस्कृती**

७९. कला संस्कृतिको जगेर्ना गर्न विविध सांस्कृतिक नाच प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ।

८०. गाउँपालिका क्षेत्रभित्र लुकेको प्रतिभा प्रस्फुटन गराउने हेतुले प्रतिभा पहिचान कार्यक्रम संचालन गरिनेछ।

८१. नौमती बाजा प्रदर्शनी कार्यक्रम सञ्चालनका साथै नौमती बाजाको लागि आवश्यक सीप एवं तालिमको समेत व्यवस्था गरिनेछ।

८२. विभिन्न भाषा, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न जोड दिइनेछ। ऐतिहासिक धार्मिक महत्वको ताकम कोटलाई थप पूर्वाधार निर्माण गर्न पहल गरिनेछ।

८३. आरन सुधार कार्यक्रम मार्फत सीपको पुस्तान्तरण गर्न तर्फ विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**पुर्वाधार विकास**

८४. गाउँपालिकाको निर्माणाधीन प्रशासनिक भवन, ५ शैया अस्पताल, वडा नं ४ को वडा कार्यालय लगायत अन्य वडा, स्वास्थ्य शिक्षा लगायतका भवन निर्माण गरिनेछ .

८५. आधारभूत स्वास्थ्यमा नागरिकहरुको सहज, सरल र गुणस्तरीय पहुँच स्थापना गर्न स्वास्थ्य चौकीहरुको भौतिक सुविधा विस्तार एवं सुदृढीकरण गरिनेछ ।

८६. वडा नं. १ देखी ६ सम्म सम्पूर्ण वडामा केन्द्रीय विद्युत सेवाको पहुँच सुनिश्चित गरिनेछ।

८७. गाउँपालिका बासीलाई स्वच्छ खानेपानी सुविधाका लागि "**एक घर एक धारा कार्यक्रम**" संघीय तथा प्रादेशिक सरकारको साझेदारीमा सञ्चालन गरिनेछ ।

८८. वडा नं. ३ अन्तर्गत एक घर एक धारा कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।

८९. मराङ, बुल, मलम्पार, मल्कवाङ हुँदै रघुगंगा गाउँपालिकाको चौरखानी जोड्ने अन्तरपालिका सडक निर्माणलाई प्राथमिकता दिईनेछ।

९०. धवलागिरी रिङरोड योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

९१. जोखिमयुक्त घरहरुको पहिचान गरि सुरक्षित आवासको रुपमा रुपान्तरण गर्न संघीय सरकारको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने छ ।

९२. उपभोक्ता समितिको क्षमता विकास गरी समितिका पदाधिकारीहरुको व्यवसायिकता सुदृढ गरिने छ साथै टोल विकास समिति को अवधारणालई व्यवहारमा ल्याईनेछ।

९३. विगतका वर्षमा विपदबाट भएको क्षती भई हालसम्म पनि क्षतीपुरण हुन नसकेका पीडितलाई आवश्यक राहको व्यवस्था गरिनेछ।

९४. गाउँपालिकाका पूर्वाधार विकासका लागि महत्वपूर्ण क्षेत्रको डि पि आर तयार गरिनेछ ।

९५. रणनीतिक महत्वका निम्नानुसारका योजना कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ ।

१. मुना-लुलाङ-गुर्जा सडक
२. गुर्जा-रुकुम-डोल्पा सडक
३. मुना मालिका धुरी पर्यटकीय सडक
४. मल्कबाङ-मराङ-मुदी-मुना सडक
**५.** मुना-लुलाङ-जलजला-ढोरपाटन हुँदै पूर्वी रूकुम जोड्ने अन्तरजिल्ला सडक सञ्जाल विस्तारको लागि संघीय सरकारसँग सहकार्य गरी निरन्तर कार्य गर्दै लगिनेछ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

९६. अभिभावक र पालिकाको साझेदारीमा **"उच्च शिक्षाका लागि छोरी बचत उपाध्यक्ष कार्यक्रम"** व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

९७. महिला सशक्तीकरणका लागि नेतृत्व विकास तथा उद्घोषण, एकल महिला जिविकोपार्जन प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

९८. महिला हिंसा न्यूनीकरण गर्न महिला पुरुष समविकास कार्यक्रम सञ्चालन गरिनेछ । पिडीतको पुनःस्थापना तथा पारिवारिक पुनर्मिलनका लागि आवश्यक सहजीकरण गरिनेछ ।

९९. महिला हिँसा न्यूनीकरणका लागि मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

१००. विपन्न नागरिकहरुको पहिचान र अभिलेखीकरण गरी विपन्न परिचयपत्र वितरण गर्ने विषयमा थप अध्ययन गरी आवश्यक कार्य अघि बढाइनेछ ।

१०१. वालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सबै वडाहरुलाई बालमैत्री वडा बनाउँदै लगिनेछ ।

१०२. बाल अधिकार समिति, गाउँपालिका बालमञ्च र बाल संरक्षण समितिलाई वडा स्तरसम्म परिचालन गरी सक्रिय र प्रतिस्पर्धी बनाइनेछ ।

१०३. वालविवाह न्यूनीकरणका लागि परिवार, समाज, विद्यालय, आमा समुह, युवा क्लब आदिसँग अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१०४. घुम्ती सिविर संचालन गरी अपाङ्गता परिचयपत्र वितरण गरिनेछ साथै अपाङ्गता भएका व्यक्तिको क्षमता अभिवृद्धि गर्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

१०५. दलित तथा अतिविपन्न जाति र समुदायको परम्परागत पेशा र व्यवसायको प्रवर्द्धन गरिनेछ ।

**वन, वातावरण, सरसफाइ र विपद् व्यवस्थापन**

१०६. पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी कार्यक्रम अगाडि बढाइनेछ ।

१०७. विपद् पूर्व तयारी एवं प्रतिकार्यका लागि आकस्मिक सेवा लगायतका कार्य गर्न आवश्यक सामाग्री तथा उपकरणको व्यवस्था गरी बिपद् व्यवस्थापन शाखावाट द्रुत सेवा प्रदान गरिने छ।

१०८. सार्वजनिक पोखरी तालतलैया र चौताराहरुको मर्मत तथा जीर्णोद्धार गर्ने कार्य अघि बढाइनेछ ।

१०९. सुरक्षित नागरिक आवास र मनसुन प्रभावितका लागि निजी आवास पुननिर्माण कार्यक्रमलाई थप व्यवस्थित गरी समयमै राहत प्राप्त गर्ने सुनिश्चितता प्रदान गरिनेछ ।

११०. सबै प्रकारका विपदको रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनलाभका कार्यक्रम सञ्चालन गरिनेछ।

१११. फोहरमैला विसर्जनका लागि सवै वडामा उपयुक्त स्थल पहिचान गरी वैज्ञानिक फोहोर व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ।

**कानून, मानव अधिकार र न्यायिक समिति**

११२. न्यायिक समितिको निर्णयलाई पालिकावासीले न्याय अनुभूत हुने गरी नतिजामूलक बनाइने छ। न्यायिक समिति, मेलमिलापकर्ता र संस्थागत संरचनाको सवलीकरण र सशक्तीकरण गर्दै लगिनेछ ।

११३. न्यायिक निर्णयलाई शीघ्र बनाईने छ।

११४. वडास्तरका मेलमिलाप केन्द्रको सुदृढीकरण गरी मेलमिलाप कर्तालाई प्रोत्साहन तथा क्षमता अभिवृद्धि गरिनेछ ।

११५. जिल्ला अदालतसंगको समन्वयमा न्यायिक निरूपण सम्बन्धी तालिम तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिनेछ।

**सुशासन तथा संस्थागत विकास**

११६. गाउँपालिकाको सम्पुर्ण विवरण अद्यावधिक राख्न तयार गरिएको डिजिटल प्रोफाईललाई प्रत्येक दिन अद्यावधिक राख्ने व्यवस्था मिलाईने छ।

११७. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता कार्यहरु सञ्चालन गरी पालिकाको सेवालाई धवलागिरी वासीप्रति उत्तरदायी तुल्याइनेछ ।

११८. सेवा प्रवाहमा सुधार र संस्थागत क्षमता अभिवृद्धिका लागि पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

११९. पालिकाका आर्थिक, सामाजिक र धार्मिक पर्यटकीय महत्वका विषयहरु उजागर तथा प्रवर्द्धन गर्न जिल्लाका पत्रकारहरु संग सहकार्य गरिनेछ।

१२०. कर्मचारीहरुले सम्पादन गर्नुपर्ने कार्य र जिम्मेवारीको मापनयोग्य कार्यविवरण र कार्यसम्पादन सूचक निर्माण गरिनेछ । कर्मचारीको प्रोत्साहन तथा पुरस्कारलाई कार्यसम्पादनसँग आवद्ध गरिनेछ ।

१२१. राजश्व प्रशासनको सुधार मार्फत सुदृढ र सक्षम बनाई राजश्व वृद्धि गर्न निर्मित राजश्व सुधार नीतिको कार्यान्वयन गर्दै आन्तरिक स्रोतको परिचालनलाई सबल बनाइनेछ ।

१२२. सार्वजनिक सम्पत्ति अतिक्रमण नियन्त्रण तथा रोकथामको लागि जिल्लास्थित मालपोत तथा नापी कार्यालयसँगको समन्वयमा तथ्याङ्क र अभिलेख अध्यावधिक गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ ।

१२३. सेवा प्रवाहलाई प्रविधिमैत्रि वनाइनेछ, जनताको वरीपरी सेवा पुर्याउन घुम्ती सेवालाई प्रोत्साहन गरिनेछ।

१२४. वित्तीय जोखिम न्यूनिकरण गर्न निर्मित आन्तरिक नियन्त्रण प्रणालीको पुर्ण कार्यान्वयन गरिनुका साथै पेश्की तथा बेरुजु फछर्यौटलाई प्राथमिकतामा राखी कार्य गरिनेछ।

१२५. गाउँपालिकालाई आवश्यक दरबान्दी व्यवस्थापन गर्नको लागि आगामि वर्ष **ओ एण्ड एम सर्भे** गरिनेछ।

१२६. धवलागिरी गाउँपालिकामा कार्यरत अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरुको बृत्ती विकास तथा सेवा सुरक्षाका लागि नेपाल सरकारवाट तोकिएको न्यूनतम पारिश्रमिक व्यवस्था गरी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

***धन्यबाद***

***जय धवलागिरी बासी***

***प्रेम प्रसाद पुन***

***गाउँपालिका अध्यक्ष***

***धवलागिरी गाउँपालिका मुना, म्याग्दी।***